"समृद्ध बेनीघाट रोराङको आधारः कृषि, शिक्षा, स्वास्थ्य, उद्योग र पूर्वाधार"

# बेनीघाट रोराङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### विशालटार, धादिङ
### बागमती प्रदेश, नेपाल

पत्र संख्याः-२०८०/०८१
चलानी नं.

मितिः २०८०।०५।१८

**प्रस्ताव पत्र पेश गर्ने सम्वन्धी सूचना।**

श्री सामुदायिक विद्यालयहरु
बेनीघाट रोराङ गाउँपालिका, विशालटार, धादिङ ।

प्रस्तुत विषयमा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षा सम्बन्धी यस आ. व .२०८०।०८१ को संघीय सशर्त अनुदानवाट खर्च व्यहोर्ने गरी तपसिलमा उल्लेखित कार्यक्रमहरुका लागि विद्यालयहरुमा अनुदान निकासा गरिने भएकोले उल्लेखित योग्यता पुगेका विद्यालयहरुबाट यहि मिति २०८० आश्विन १९ गते भित्र प्रस्ताव पत्र सहित आवश्यक कागजातहरु पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| क्र. सं. | उपक्रियाकलाप को नाम | अनुदान रकम रु. | इकाई | आवेदन गर्न सक्ने विद्यालय | पेश गर्नु पर्ने कागजातहरु |
|---|---|---|---|---|---|
| १ | **पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन अनुदान** | ५,००,०००।- | १ | चन्द्रोदय माध्यमिक विद्यालय विशालटार | - यस कार्यक्रमको हाल सम्मको प्रगति प्रतिबेदन (के के गरियो ? के फाइदा भयो ? र आर्थिक उपार्जन कति भयो ? आदि समेटिएको सारांश सहित)<br>- विव्यसबाट स्वीकृत भएको कार्ययोजना (प्रस्ताव)<br>- आ. व. २०७९।०८० को सामाजिक परीक्षण प्रतिबेदन र आ. व. २०७८।०७९ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि<br>-पढ्दै कमाउँदै कार्यक्रम स्थलको रंगिन फोटो |
| २ | शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयहरुको लागि एकमुष्ठ अनुदान | १०,००,०००।- | २ | बागेश्वरी आवि, चोतेस र सितामाई आवि, रेतीखोला | - शैक्षिक बर्ष २०७९।८० को प्रगति प्रतिबेदन<br>-शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.cehrd.gov.np मा रहेको वार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ मा उल्लेखित मापदण्ड पुरा गर्ने विव्यसको प्रतिबद्दता सहितको कार्ययोजना<br>- आ व २०७९।०८० को सामाजिक परीक्षण र आ व २०७८।०७९ को लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि<br>- अद्यावधिक गरिएको विद्यालय सुधार योजनाको प्रतिलिपि |

२०८०।०५।१८

नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: +९७७-०१०-४१६०००, ईमेल: info@benighatrorangmun.gov.np, वेबसाइट: www.benighatrorangmun.gov.np

पत्र संख्याः-२०८०/०८१
चलानी नं.

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | शैक्षिक व्यवस्थापकीय सुधार सुशासनमा उत्कृष्ट कार्य गरेको विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५,००,०००।- लाख सम्म | ४ वटा सम्म | आधारभूत र माध्यमिक विद्यालयहरु (आधारभूत विद्यालय र माध्यमिक विद्यालयमा कम्तीमा क्रमशः १०० र २०० विद्यार्थी हुनुपर्ने) | -विषयगत, कक्षागत, तहगत र समग्र विद्यालयको सिकाई उपलव्धी<br>- शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययन भ्रमण, प्रविधियुक्त सिकाई, छिमेकी विद्यालयसंगको अन्तरक्रिया तथा विद्यालयको मौलिक अभ्यासलाई प्राथमिकता दिई सिकाइ उपलब्धि वृद्धि गर्ने ठोस योजना<br>- आ. व. २०७९।०८० को सामाजिक परीक्षण प्रतिबेदन र आ. व. २०७८।०७९ को लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि |
| ४ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान | ३०,००,०००।- | १ | चन्द्रोदय माध्यमिक विद्यालय विशालटार | - गत आवको प्रगति प्रतिबेदन<br>-तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्बाधारहरु, छात्रबास व्यवस्थापन र शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न विव्यसको प्रतिवद्वता सहितको निर्णय प्रतिलिपि<br>- आ. व. २०७९।०८० को सामाजिक परीक्षण प्रतिबेदन र आ. व. २०७८।०७९ को लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि |
| ५ | नमुना विद्यालयमा सेवा अनुबन्धका आधारमा नियुक्ति हुने प्रअ र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान | २,००,०००।- | १ | चन्द्रोदय माध्यमिक विद्यालय विशालटार | - गत बर्ष के गरियो सोको संक्षिप्त प्रतिबेदन<br>- यस अनुदानबाट विद्यालयलाई के लाभ भयो सोको संक्षिप्त प्रतिबेदन<br>- आर्थिक बर्ष २०८०।०८१ को शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.cehrd.gov.np मा भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको अनुसूचि १३ बमोजिम कार्य गर्ने प्रतिबद्वता र सोही अनुसूचि बमोजिम माध्यमिक शिक्षकहरुसंग गरिएको कार्यसम्पादन सम्झौताको प्रतिलिपी |
| ६ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ६,५०,०००।- | १ | यस अधि प्राप्त नगरेका माध्यमिक र आधारभूत विद्यालयहरु | -आ. व. २०७९।०८० को सामाजिक परीक्षण प्रतिबेदन र आ. व. २०७८।०७९ को लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि<br>- नमुना विद्यालय विकास एवम सञ्चालन निर्दिशिका, २०७४ (संशेधन सहित) को अनुसूचिमा उल्लेखित मापदण्ड कार्यान्वयन गर्ने विव्यसको प्रतिबद्वता सहितको कार्ययोजना |

Bthak
२०८०।०५।१८.
नि. प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध बेनीघाट रोराङको आधार: कृषि, शिक्षा, स्वास्थ्य, उद्योग र पूर्वाधार"

# बेनीघाट रोराङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

विशालटार, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या:-२०८०/०८१

चलानी नं.

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन | ३,५०,०००/- | १ | यस अघि प्राप्त नगरेका, इन्टरनेटको पहुँच भएका र विद्युतको नियमित आपूर्ति भएका माध्यमिक र आधारभूत विद्यालयहरु | -आ. व. २०७९।०८० को सामाजिक परीक्षण प्रतिबेदन र आ. व. २०७८।०७९ को लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि । Networking,Internet,फर्निचर,कम्प्युटर/उपकरण/सफ्टवेयर/विधुतीय अन्तरक्रियात्मक श्रव्य-दृष्य सिकाइ सामग्री व्यवस्थापन गर्ने गराउने विव्यसको प्रतिबद्वता सहितको कार्ययोजना । शिक्षकहरुले ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण समेत प्रस्ताव/ कार्ययोजनामा समावेश गर्ने । |
| ८ | माध्यमिक तह र आधारभू तह कक्षा ६-८ मा शिक्षण सहयोग अनुदान (संघीय र प्रदेश दुबै) | तह अनुसार फरक | १८ | - बांसखर्क मावि, हर्कपुर मावि, चन्द्रोदय मावि बेनीघाट, राष्ट्रिय मावि, पञ्चकन्या मावि, कालिका मावि, कालिका आवि, गोइराङ आवि र राष्ट्रिय आवि | - शिक्षक नियुक्ति पत्र<br>- मिति २०८१ आषाढ सम्मका लागि शिक्षकसंग गरिएको सम्झौता पत्रको प्रतिलिपी<br>-शैक्षिक योग्यताको प्रमाणपत्रहरु<br>-नियुक्ति गर्दाको बैठकका प्रतिलिपीहरु |
| ९ | गापा शिक्षण सहयोग अनुदान | विद्यालय अनुसार | ८ | ब्रुसबाङ आवि, साहारा आवि, बुद्दिविकास आवि, बोमराङ आवि, सिद्दकाली आवि,रावलडाँडा आवि ,गोइराङ आवि र कालिका आवि | -शिक्षक नियुक्ति पत्र<br>- मिति २०८१ अषाढ सम्मका लागि शिक्षकसंग गरिएको सम्झौता पत्रको प्रतिलिपी<br>-शैक्षिक योग्यताको प्रमाणपत्रहरु<br>-नियुक्ति गर्दाको बैठकका प्रतिलिपीहरु<br>- विव्यसको निर्णय प्रतिलिपीहरु (मासिक रकम कति उपलब्ध गराउने हो ? सो कुरा विव्यसको निर्णयमा उल्लेख गर्नुपर्ने) |

पुनश्चः पेश गर्नुपर्ने भनिएका प्रस्ताव सम्बन्धी कागजातहरु पेश नभएमा त्यस्ता विद्यालयहरुलाई मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन। उपरोक्त प्रस्तावहरु कम्प्युटर टाईपिङ भएको हुनु पर्नेछ र प्रत्येक पेजमा विद्यालयको छाप साथै प्रअ र विव्यस अध्यक्षको अनिवार्य दस्तखत भएको हुनुपर्नेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: +९७७-०१०-४१६०००, ईमेल: info@benighatrorangmun.gov.np, वेबसाइट: www.benighatrorangmun.gov.np